# " उच्च वैदेशिक मानवीय संसाधन प्राप्ति सहयोग व्यवसाय " Facebook पृष्ठ सञ्चालन नीति

1. यस परियोजनाको Facebook पृष्ठ सञ्चालनको लागि आधारभूत नीति
   - यो पृष्ठ टोक्यो महानगरपालिका औद्योगिक तथा श्रम मामिला ब्यूरो रोजगार विभाग रोजगार प्रवर्धन शाखा (यसपछि "रोजगार प्रवर्धन शाखा" भनिने)-ले निरीक्षण गर्ने " उच्च वैदेशिक मानवीय संसाधन प्राप्ति सहयोग व्यवसाय "-को सञ्चालन कार्य सुम्पिइएको कर्ताले सञ्चालन गर्नेछ।
   - यस पृष्ठमा " उच्च वैदेशिक मानवीय संसाधन प्राप्ति सहयोग व्यवसाय "-सम्बन्धी जानकारी आदि पोस्ट गरिनेछ।
   - यस पृष्ठमा राखिने सम्पूर्ण टिप्पणी र पोस्ट आदि पढेर त्यसको जवाफ दिने ग्यारेन्टी छैन। आफ्नो सुझाव दिन अथवा सोधपुछ गर्नको लागि वेबसाइटमा भएको सम्पर्क पृष्ठ (http://tdh.metro.tokyo.jp/contact/inquiry/)-बाट प्रत्यक्ष रूपमा सोधपुछ गर्नुहोस्।"

2. बौद्धिक सम्पत्ति अधिकार
   - यस पृष्ठमा राखिने सम्पूर्ण सूचना (टेक्स्ट, तस्विर आदि)-को बौद्धिक सम्पत्ति अधिकार टोक्यो महानगरपालिका अथवा मौलिक रचयितालाई एकाधिकार हुनेछ। साथै त्यसमा भएका विषयवस्तुलाई "व्यक्तिगत प्रयोगको लागि पुनर्उत्पादन गर्ने" वा "उद्धरण" जस्ता प्रतिलिपि अधिकार ऐनद्वारा अनुमति दिइएका प्रयोगबाहेक मन्जुरीविना पुनर्उत्पादन गर्ने तथा अर्कै उद्देश्यको लागि प्रयोग गर्न निषेध गरिएको छ।

3. ध्यान दिनुपर्ने कुराहरू
   - यस पृष्ठमा प्रयोगकर्ताले निम्न लिखित कुराहरू पोस्ट गरेको खण्डमा विनासूचना त्यो पोस्ट मेटाइन सक्छ।

(1) कानुन-नियमको उल्लङ्घन गरेको अथवा उल्लङ्घन हुने सम्भावना भएको पोस्ट
(2) विशिष्ट व्यक्ति अथवा सङ्गठनको निन्दा वा गालीगलौज गर्ने पोस्ट
(3) राजनीतिक वा धार्मिक गतिविधिको लागि गरिएको पोस्ट
(4) टोक्यो महानगरपालिका सरकार वा तेस्रो पक्षको स्वामित्वमा रहेका प्रतिलिपि अधिकार, ट्रेडमार्क, पोट्रेट अधिकार र अन्य बौद्धिक सम्पत्ति अधिकारहरू हनन गर्ने पोस्ट
(5) विज्ञापन, प्रचारप्रसार, याचना, व्यापार गतिविधि आदि नाफामुखी उद्देश्य भएको पोस्ट
(6) जाति, विचारधारा, विश्वास आदिको आधारमा भेदभाव गर्ने अथवा भेदभावलाई बढवा दिने पोस्ट
(7) सार्वजनिक व्यवस्था तथा नैतिकताविरुद्ध गरिएको पोस्ट
(8) झूट अथवा सत्यतथ्यविपरीत पोस्ट
(9) सम्बन्धित व्यक्तिको मन्जुरीविना व्यक्तिगत जानकारी राख्ने आदि व्यक्तिगत गोपनीयता उल्लङ्घन हुने पोस्ट
(10) हानिकारक प्रोग्राम प्रयोग गर्ने वा प्रदान गर्ने पोस्ट अथवा त्यस्तो काम गर्ने सम्भावना भएको पोस्ट
(11) (1) देखि (10) सम्ममा उल्लिखित विषयवस्तु भएको गृहपृष्ठलाई फरवार्ड गर्ने उद्देश्य भएको पोस्ट

(12) यीबाहेक रोजगार शाखाले अनुचित भनी निर्धारण गरेको पोस्ट

4. अस्वीकरण
   - यस पृष्ठमा भएका सूचनाको यथार्थता, पूर्णता तथा उपयोगिताको ग्यारेन्टी लिइनेछैन। तसर्थ यस पृष्ठमा भएका जानकारी प्रयोग गरेको कारण प्रयोगकर्ता अथवा तेस्रो पक्षले भोगेको क्षतिको कुनै पनि जिम्मेवारी लिइनेछैन।
   - रोजगार प्रवर्धन शाखा तथा " उच्च वैदेशिक मानवीय संसाधन प्राप्ति सहयोग व्यवसाय " सञ्चालन कार्य सुम्पिइएको कर्ताले यस पृष्ठसँग सम्बन्धित मामिलाको कारण उत्पन्न भएका प्रयोगकर्ताहरूबीचको समस्या वा प्रयोगकर्ता र तेस्रो पक्षबीचको समस्याले गर्दा प्रयोगकर्ता वा तेस्रो पक्षले भोगेको नोकसानीको कुनै पनि जिम्मेवारी लिइनेछैन।
   - यस पृष्ठसँग सम्बन्धित मामिलाले गर्दा उत्पन्न भएका कुनै किसिमको नोकसानीको लागि पनि कुनै जिम्मेवारी लिइनेछैन।

5. सञ्चालन नीतिको परिवर्तनबारे
   - यस पृष्ठको सञ्चालन नीति अग्रिम सूचनाविना परिवर्तन गरिन सक्छ।

हाल हेइसेइ 28 साल जनवरी 29 तारिख